# पत्रकारितासँग सम्बन्धित संघ संस्थाहरूलाई अनुदान तथा आर्थिक सहयोग वितरण सम्बन्धी कार्यविधि, २०८०

माननीय मन्त्रीज्यूबाट स्वीकृतः २०८१/०१/०२

**प्रस्तावनाः** प्रचलित कानून बमोजिम दर्ता भई पत्रकारिताको क्षेत्रसँग सम्बद्ध संस्थाहरूको विकासमा सहयोग पुऱ्याउन नेपाल सरकारले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत उपलब्ध गराउने अनुदान तथा आर्थिक सहायता रकमको बाँडफाँड र खर्च प्रक्रियालाई सुव्यवस्थित, पारदर्शी, प्रभावकारी र नियमित बनाउने उद्देश्यले विनियोजन ऐनको दफा ९ बमोजिम अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "पत्रकारितासँग सम्बन्धित संघ संस्थालाई अनुदान तथा आर्थिक सहयोग वितरण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः-

(क) "अनुदान तथा आर्थिक सहयोग" भन्नाले मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सम्बद्ध संस्थाहरुलाई उपलब्ध गराउने अनुदान तथा आर्थिक सहयोग सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ख) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई नियमित रूपमा नवीकरण भएका पत्रकारिता, सञ्चार तथा सूचना र सो सम्बन्धी हक हितका क्षेत्रमा काम गर्ने गैर नाफामुलक संस्था सम्झनु पर्छ ।

३. **अनुदान तथा आर्थिक सहयोग सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले पत्रकारिता सम्बद्ध संस्थाहरूको सहयोगार्थ वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी उक्त संस्थालाई अनुदान तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वजेट तथा कार्यक्रममा समावेश भई आउने अनुदान तथा आर्थिक सहयोग रकमको सिफारिस, बाँडफाँट, स्वीकृति, वितरण र कार्य सम्पन्न सम्बन्धी व्यवस्था यस कार्यविधि अनुसार हुनेछ।

४. **अनुदान वा सहायता रकमबाट सञ्चालन गर्न सकिने कार्यक्रमहरूः** यस कार्यविधि बमोजिम अनुदान तथा

आर्थिक सहयोग प्राप्त गर्न चाहने संघ संस्थाले देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन्:

(क) सूचना तथा सञ्चार एवम् पत्रकारिता सम्बद्ध नीति तथा कानूनको कार्यान्वयनमा सहयोग पुग्ने कार्यक्रमहरू।

(ख) आमसञ्चार तथा पत्रकारिता क्षेत्रको विकास एवम् विस्तारमा टेवा पुग्ने र सूचना प्रविधिले सिर्जना गरेका अवसरसँगै नवीनतम प्रवृत्ति सम्बोधन हुने ठोस कार्यक्रम।

(ग) सञ्चारकर्मी/पत्रकारको क्षमता विकास सम्बन्धी तालिम, गोष्ठी, सेमिनार, अभिमुखीकरण, कार्यशाला सञ्चालन सम्बन्धी कार्यक्रम।

(घ) आमसञ्चार सम्बन्धी संस्थाको पूर्वाधार विकास र संस्थागत क्षमता वृद्धि सम्बन्धी कार्यक्रम।

(ङ) आमसञ्चार तथा सूचना प्रविधिका क्षेत्रमा समावेशी (महिला/दलित /जनजाती/मधेशी /मुस्लिम/ अपाङ्ग) लगायत अन्य वर्ग र क्षेत्रको सहभागिता सम्बन्धी जनचेतनामूलक एवं सशक्तीकरण कार्यक्रम।

(च) पत्रकारिता, आमसञ्चार र सूचना क्षेत्रको सम्वर्द्धन तथा प्रवर्द्धनमा प्रत्यक्ष सहयोग पुग्ने अन्य सिर्जनात्मक कार्यक्रम।

५. **<u>प्रस्ताव पेश गर्न सक्ने संस्थाहरू:</u>** अनुदान तथा आर्थिक सहयोगका लागि प्रचलित कानून बमोजिम दर्ता भई कम्तीमा एक वर्षदेखि कार्यरत पत्रकारिता, आमसञ्चार र सूचना क्षेत्रसँग सम्बन्धित गैर व्यापारिक र गैर नाफामूलक संघ, संस्था तथा महासंघहरुले मन्त्रालयमा प्रस्ताव पेश गर्न सक्नेछन् ।

६. **<u>प्रस्ताव साथ संलग्न राख्नुपर्ने कागजातहरू:</u>** प्रस्ताव पेश गर्ने संस्थाहरुले देहाय बमोजिमका कागजात प्रस्ताव साथ संलग्न गरी पेश गर्नुपर्नेछः

(क) संस्था दर्ताको प्रमाणपत्र (नवीकरण समेत),

(ख) अद्यावधिक विधानको प्रमाणित प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदन,

(घ) विगत दुई वर्षमा त्यस्तो अनुदान/सहयोग पाएको भए सोको कार्य प्रगति विवरण/प्रतिवेदन।

७. **<u>रकम बाँडफाँट गर्ने आधारहरू:</u>** सम्बन्धित कार्यक्रममा विनियोजित बजेटको बाँडफाँट बजेटको उपलब्धता,

सम्बन्धित संस्थाले पेश गरेको कार्यक्रमको विस्तृत प्रस्ताव, प्रस्तावित कार्यक्रमको औचित्य एवं सान्दर्भिकता समेतको अध्ययन गरी दफा १३ को समितिको सिफारिसका आधारमा मन्त्रालयले गर्नेछ।

८. **<u>प्रस्तावमा उल्लेख हुनुपर्ने विवरणहरू:</u>** अनुदान तथा आर्थिक सहयोग माग गर्ने संस्थाले कार्यक्रम प्रस्तावसाथ निम्न लिखित विवरण वा व्यहोरा पेश गर्नु पर्नेछः-

(क) संस्थाको स्थापना, परिचय र उद्देश्य,

(ख) हालसम्म गरिएका प्रमुख कार्यहरू र योगदान,

(ग) विगत दुई वर्षमा मन्त्रालयबाट कुनै अनुदान वा आर्थिक सहयोग प्राप्त गरेको भए सो सम्बन्धी विवरण (आर्थिक वर्ष र रकम), प्राप्त नगरेको भए सोको स्वःघोषणा,

(घ) संस्थाको बैंक खाता नं. र बैंकको ठेगाना,

(ङ) प्रस्तावको रूपरेखाः- दफा ४ बमोजिमका कार्यक्रमहरू मध्येबाट कार्यक्रमको परिचय, उद्देश्य, कार्यक्रमको लक्षित समूह, कार्यक्रम अन्तर्गत गरिने मुख्य क्रियाकलाप तथा यसबाट प्राप्त हुने प्रत्यक्ष तथा अप्रत्यक्ष लाभ र अपेक्षित उपलब्धी, कार्यक्रम गरिने स्थान र समय, कार्यक्रमको कूल लागत, लागत व्यहोर्ने स्रोत/साझेदारहरु, मन्त्रालयबाट अपेक्षा गरिएको प्रस्तावित सहयोग रकम र अन्य सान्दर्भिक विषयहरू।

९. **<u>अनुदान तथा सहायताको बाँडफाँट, स्वीकृति र सम्झौता गर्ने:</u>** मन्त्रालयले अनुदान तथा आर्थिक सहयोगको बाँडफाँट, स्वीकृति र सम्झौताको कार्य देहाय बमोजिम गर्नेछः

(क) मन्त्रालयमा प्राप्त प्रस्तावहरू मध्ये दफा ७ समेतका आधारमा संस्थाको छनौट गरी कार्यक्रम स्वीकृत र बजेट बाँडफाँट गर्नेछ।

(ख) छनौट भएका संस्थाहरूलाई कार्यक्रम सञ्चालन सम्झौताका लागि पन्ध्र दिनभित्र मन्त्रालयमा सम्पर्क गर्न मन्त्रालयको वेवसाइट मार्फत जानकारी गराउनु पर्नेछ।

(ग) सूचना जारी भएको पन्ध्र दिनभित्र अध्यक्ष, प्रमुख वा आधिकारिक प्रतिनिधिले अनुदान तथा आर्थिक सहयोगका लागि मन्त्रालयमा सम्पर्क गर्नुपर्नेछ।

(घ) अनुदान वा आर्थिक सहायता प्राप्त गर्ने संस्थासँग अनुसूची १ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

(ङ) तोकिएको अवधिभित्र सम्झौता गर्न नआएका संस्थाहरूलाई मन्त्रालयले अनुदान तथा आर्थिक सहयोग उपलब्ध गराउने छैन।

१०. **अनुगमन र अभिलेख राख्ने:** (१) मन्त्रालयले यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको अनुगमन गर्न सक्नेछ। अनुदान प्राप्त गर्ने संस्थाले त्यस्तो रकम निर्धारित कार्यक्रममा खर्च नगरेको पाइएमा वा मन्त्रालयमा पेश गर्नुपर्ने विवरण पेश नगरेमा, रकमको उपयोग नभएको वा दुरूपयोग भएको पाइएमा वा प्राप्त उजुरी छानविनबाट प्रमाणित हुन आएमा त्यस्तो संस्थाबाट उक्त अनुदान तथा सहायता रकम फिर्ता गर्न लगाइनेछ। सो रकम फिर्ता नगरेमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) मन्त्रालयले त्यस्ता संस्थाहरुको छुट्टै अभिलेख राखी आगामी पाँच वर्षसम्म मन्त्रालयबाट कुनै पनि अनुदान तथा आर्थिक सहयोग उपलब्ध गराइने छैन।

११. **प्रशासनिक खर्च:** यस प्रयोजनका लागि विनियोजित बजेटको पाँच प्रतिशतसम्मको रकम यसै कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि अनुगमन तथा मूल्याङ्कन, बैठक सञ्चालन लगायतका भैपरी आउने काममा खर्च गर्न सकिने छ।

१२. **रकम निकासा र कार्यप्रगति विवरण:** सहायता तथा अनुदान भुक्तानी व्यवस्थापन र कार्य प्रगति सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछः

(क) अनुदान प्राप्त गर्न छनौट भएका संस्थाहरुलाई दफा ६ बमोजिमका कागजातको विश्लेशणका आधारमा रहेर उक्त संस्थाले प्राप्त गर्ने कुल अनुदान उपलब्ध गराइने छ। स्वीकृत सहायता तथा अनुदान रकम नियमानुसार सम्झौता भएपछि मात्र उपलब्ध गराइने छ।

(ख) कार्यक्रमहरू सोही आर्थिक वर्षभित्रै सम्पन्न गरी सोको कार्य सम्पन्न प्रतिवेदन कार्यक्रम सम्पन्न भएको मितिले एक महिनाभित्र मन्त्रालयमा बुझाउनु पर्नेछ।

१३. **अनुदान सिफारिस समिति र सचिवालयः** (१) अनुदान तथा आर्थिक सहयोग बाँडफाँडलाई व्यवस्थित एवम् वस्तुनिष्ठ बनाउन मन्त्रालयमा देहायबमोजिमको एक सिफारिस समिति रहनेछः

(क) सञ्चार महाशाखा प्रमुख - संयोजक

(ख) कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख - सदस्य

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) योजना अनुगमन तथा मुल्यांकन शाखा प्रमुख - सदस्य

(ङ) प्रेस काउन्सिल नेपाल, उपसचिवस्तर - सदस्य

(च) प्रेस तथा सूचना समन्वय शाखा - सदस्य सचिव

(२) समितिले त्यस्तो अनुदान तथा आर्थिक सहयोग सिफारिस गर्दा देहायका आधार लिन सक्नेछः

(क) रकम बाँडफाँट गर्दा प्रेस स्वतन्त्रता, आमसञ्चार क्षेत्रको संरक्षण, विकास र प्रवर्धनमा योगदान, दुर्गम क्षेत्रमा कार्यक्रम सञ्चालन, सञ्चार सम्बद्ध लैङ्गिक समानता र समावेशिता, महिला सशक्तीकरण, सीमान्तकृत वर्ग र क्षेत्रको उत्थानमा क्रियाशिल पत्रकारितासँग सम्बन्धित संस्थाहरूलाई प्राथमिकता दिइने,

(ख) दफा ४ मा उल्लिखित कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गर्ने संस्थालाई प्राथमिकता दिइने,

(ग) डिजिटल डिभाइड कम गर्न सहयोग पुग्ने शिक्षा तथा सचेतना प्रवर्धन सम्बन्धी कार्यक्रमलाई प्रार्थमिकता दिइने,

(घ) सूचना तथा सञ्चार सम्बद्ध नवीन तथा रचनात्मक प्रस्तावलाई प्राथमिकता दिइने।

१४. **सार्वजनिक सूचना आह्वान गर्नुपर्नेः** मन्त्रालयले अनुदान तथा आर्थिक सहायता वितरण प्रक्रिया सुरु गरेको जानकारी सहित सरोकारवाला संस्थाहरुलाई पन्ध्र दिनको समय सीमा दिएर प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आह्वान गर्नुपर्नेछ।

१५. **अनुदान बाँडफाँट वा सिफारिसको सीमाः** संस्थालाई अनुदान तथा आर्थिक सहायता सिफारिस गर्दा दफा ११ बमोजिमको प्रशासनिक खर्च छुट्याई अधिकतम पन्ध्र लाख र न्यूनतम एक लाखको सीमाभित्र रहेर गर्नुपर्नेछ।

१६. **लेखापरीक्षणः** सम्बन्धित संस्थाहरुले आफूले प्राप्त गरेको अनुदान तथा आर्थिक सहायताको खर्चको आधिकारिक लेखापरीक्षकबाट लेखापरीक्षण गराई सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१७. **खारेजी र बचाउः** पत्रकारितासँग सम्बन्धित संघ संस्थाहरूलाई अनुदान तथा आर्थिक सहयोग वितरण सम्बन्धी कार्यविधि, २०७३ खारेज गरिएको छ। सो कार्यविधि बमोजिम भए गरेका कामहरू यसै बमोजिम भएको मानिनेछ।

## अनुसूची -१

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र *अनुदान पाउने निकाय* बीच भएको *सम्बन्धित कार्यक्रम* सञ्चालन गर्नका लागि गरिएको सम्झौतापत्र

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (यसपछि पहिलो पक्ष भनिएको) र *अनुदान पाउने निकायको नाम* (यसपछि दोस्रो पक्ष भनिएको) का बीच लागु हुनेगरी यो सम्झौतापत्र तयार गरिएको छ। *अनुदान पाउने निकायको नाम*लाई *सम्बन्धित कार्यक्रम* सञ्चालन गर्नका लागि नेपाल सरकार (मा. मन्त्रीस्तर) मिति *निर्णय मिति*को निर्णयानुसार विनियोजन भएको रकम रु. *तोकिएको रकम* पहिलो पक्षले दोस्रो पक्षलाई कार्यविधिमा तोकिए बमोजिम निकासा दिने र दोस्रो पक्षले देहायका शर्तहरूको अधीनमा रही कार्यक्रम सम्पन्न गरी सोको प्रगति प्रतिवेदन पहिलो पक्षलाई उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझिलियौं/दियौं।

**शर्तहरू**

१. पहिलो पक्षसमक्ष पेश गरिएको अवधारणापत्र बमोजिमको कार्ययोजनामा उल्लिखित क्रियाकलापमा मात्र अनुदान रकम खर्च गर्नुपर्नेछ।

२. दोस्रो पक्षले पेश गरेको कार्यक्रम/कार्ययोजनामा केही परिवर्तन गर्नुपरेमा पहिलो पक्षको स्वीकृति पश्चात् आवश्यकता र औचित्यको आधारमा मात्र परिवर्तन गर्न सकिनेछ।

३. विनियोजित रकम निकासा एक लाखभन्दा माथिको हकमा दुई किस्तामा विभाजन गरी गरिनेछ। दोस्रो किस्ता निकासा पहिलो किस्ताको प्रगति प्रतिवेदन पेश गरेपछि मात्र गरिनेछ।

४. कार्यक्रम सञ्चालन पश्चात सोबाट प्राप्त भएको उपलब्धी सहितको प्रगति प्रतिवेदन एक महिनाभित्र मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

५. दोश्रो पक्षले प्रचलित कानून बमोजिम उक्त आय तथा व्ययको लेखा राख्नुपर्नेछ र प्रचलित कानून बमोजिम स्वीकृत लेखापरिक्षकबाट लेखापरिक्षण गराई सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

६. सम्झौता गरिए बमोजिमको कार्यक्रममा अनुदान रकम खर्च नगरिए वा अनुदान रकम दुरूपयोग भएको अवस्थामा त्यसको जिम्मेवारी अनुदान लिने संस्था र संस्थाका पदाधिकारीको हुनेछ।

७. अनुदान रकम संस्थाको प्रशासनिक र उपभोग खर्च, कर्मचारीको तलब वा भत्तामा उपयोग गर्न पाइने छैन।

८. दोस्रो पक्षले पहिलो पक्षसँग आवश्यक समन्वय गरी सम्बन्धित कार्यक्रम गर्नुपर्नेछ।

९. विनियोजित रकमबाट तोकिएको कार्यक्रम चालु आर्थिक वर्षमै सञ्चालन गर्नुपर्नेछ। कुनै कारणबस कार्यक्रम सञ्चालन हुन नसकी आर्थिक वर्षको अन्त्यमा अनुदान रकम बाँकी भएमा उक्त रकम अनिवार्य रूपमा पहिलो पक्षसमक्ष फिर्ता गर्नुपर्नेछ।

१०. अनुदान रकम खर्च गर्दा यस मन्त्रालयद्वारा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ८१ को उपनियम (१) बमोजिम लागु गरिएको आन्तरिक नियन्त्रण प्रणाली-२०७८ तथा नेपाल सरकारद्वारा निर्धारित कार्यविधि एवम् सम्बद्ध मापदण्डहरू पूर्णरूपमा पालना गर्नुपर्नेछ।

<u>पहिलो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको</u>

दस्तखत:

नाम थर:

पद: उपसचिव/शाखा अधिकृत

कार्यालय: सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार।

<u>दोस्रो पक्षको तर्फबाट हस्ताक्षर गर्ने</u>

दस्तखत:

नाम थर:

पद: अध्यक्ष/प्रमुख/आधिकारिक प्रतिनिधि

कार्यालय: *अनुदान पाउने संस्थाको नाम।*

<u>साक्षीहरू</u>

श्री ..............., *पद, अनुदान पाउने निकायको नाम।*

श्री................, शाखा अधिकृत, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय।

इति सम्वत् ...... साल ............ महिना ..... गते .........रोज ........ शुभम्।